# पोखरा विश्वविद्यालय

# सत्रौं दीक्षान्त समारोह

## पोखरा विश्वविद्यालयका
## उपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालले
## विश्वविद्यालयको सत्रौं दीक्षान्त समारोहमा दिनुभएको मन्तव्य

पोखरा-३०
कास्की, नेपाल

फागुन ०८, २०७८
(February 20, 2022)

पोखरा विश्वविद्यालयको सत्रौं दीक्षान्त समारोहका प्रमुख अतिथि प्रा.डा. सुरेश राज शर्माज्यू,
माननयी प्रदेश प्रमुखज्यू एवम् माननीय मुख्यमन्त्रीज्यू,
पोखरा विश्वविद्यालयका सभासद्ज्यूहरू,
आजको यस समारोहमा उपस्थित शिक्षाविद्, प्राज्ञ व्यक्तित्वहरू,
आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,
सञ्चारकर्मी मित्रहरू,
आज दीक्षित हुनुहुने विद्यार्थीहरू ।

पोखरा विश्वविद्यालयको उपकुलपतिको हैसियतले सत्रौं दीक्षान्त समारोहलाई सम्बोधन गर्न पाउँदा मलाई अत्यन्त गौरवको अनुभूति भैरहेको छ । म यस अवसरमा विश्वविद्यालयको विभिन्न संकायका विभिन्न कायक्रममा तह पार गरी दीक्षित हुन लाग्नु भएका सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई दिँदै उहाँहरूको उज्ज्वल भविष्यको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

पोखरा विश्वविद्यालयको आफ्नै एउटा छुट्टै पहिचान छ । त्यो पहिचान भनेको पोखरा विश्वविद्यालयले नेपालका अरू विश्वविद्यालयको तुलनामा शैक्षिक पर्यटन र स्वास्थ्य पर्यटनको विकासमा महत्वपूर्ण योगदान दिन सक्दछ भन्ने हो । विश्वविद्यालयले यस पहिचानलाई हासिल गर्ने गरी आफ्ना नीति तथा कार्यक्रम निर्माण गर्दै आएको छ । विश्वविद्यालयले अघि सारेका नीति तथा कार्यक्रमले विश्वविद्यालयलाई स्तरीय उच्च शिक्षा, स्वस्थ्य र सामूदायिक सेवा भावको माध्यमले शैक्षिक र स्वास्थ्य पर्यटनको विकास र प्रबर्द्धनमा एक नेतृत्वदायी भूमिका खेल्नसक्ने शैक्षिक संस्थाको रूपमा विकास गर्न महत्वपूर्ण उपलब्धी हासिल हुनेमा मैले विश्वास लिएको छु ।

देशलाई आवश्यक पर्ने दक्ष एवम् सक्षम जनशक्ति उत्पादन गर्ने थलो भनेको विश्वविद्यालय नै हो । शिक्षा दिने र लिने थलो भएकोले विश्वविद्यालयमा विशुद्ध शैक्षिक क्रियाकलाप बाहेक अन्य गतिविधिले शोभनीय दिँदैनन् । शैक्षिक क्षेत्रलाई अस्तव्यस्त र दिशाहिन बन्न दिनु व्यक्तिगत, समाज र देशका लागि हितकर छैन । पोखरा विश्वविद्यालयले अघि सारेका रणनीतिक योजना र लक्ष्यहरूलाई अझबढी परिष्कृत र व्यावहारिक तुल्याउने कार्यलाई प्रभावकारी तुल्याइने छ । परीक्षा प्रणालीलाई नियमित गर्ने, विश्वविद्यालयमा सुशासन कायम गर्ने, आफ्ना शैक्षिक संस्था र कार्यक्रमहरूलाई सबलीकरण एवम् स्तरोन्नती गर्ने, भौतिक पूर्वाधार निर्माण गर्ने तथा शैक्षिक क्षेत्रमा देखिने विसंगतीको अन्त्य गर्दै शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा विश्वविद्यालय परिवार एकजुट भई अगाडि बढिरहेको यस सम्मानित समारोहमा जानकारी गराउँछु ।

**दीक्षित विद्यार्थी भाइबहिनीहरू,**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ प्रकोपका कारण विश्वले गम्भिर मानवीय एवम् आर्थिक संकटको सामना गरिरहेको छ । यसको संक्रमणले निम्ताएको गम्भिर स्वास्थ्य समस्याका कारण लाखौं मानिसले अकालमा ज्यान गुमाएका छन् । लाखौं मानिसले रोजीरोटी गुमाएका छन् । उद्योगधन्दा, व्यवसाय, शिक्षा, स्वास्थ्य, पर्यटन लगायत चौतर्फी क्षेत्र प्रभावित छ । यसले विश्व अर्थतन्त्रको समग्र उत्पादन, उत्पादकत्व एवम् आपूर्ति व्यवस्थामा प्रतिकूल प्रभाव पारेको छ । दिगो विकासको लक्ष्यप्राप्तिमा ठूलो व्यवधान खडा गरेको छ । नेपाल पनि कोभिडका कारण आक्रान्त छ । यसले सिर्जना गरेको असहज परिस्थितिले नेपालको अर्थतन्त्रका विभिन्न पक्षमा र

जनजीवनका हरेक पाटोमा समेत गम्भीर असर पुगेको छ । कोभिडका विभिन्न स्वरूप र लहरले हामीलाई अझै छाडेको छैन । हामी निर्धक्क भएर आवात जावत गर्न तथा पेशा व्यवसाय र दैनिकी सञ्चालन गर्न सकिरहेका छैनौ । यस्तो विषम परिस्थितिमा हामी सजग र संयमित भएर अगाडि बढ्नुको विकल्प छैन । पोखरा विश्वविद्यालयको आजको यस गरिमामय १७ औं दीक्षान्त समारोह मार्फत स्नातक, स्नातकोत्तर तथा एमफिल तह पार गरेको प्रमाणपत्र लिन लाग्नु भएका सम्पूर्ण विद्यार्थीहरूले कोभिड महामारीले गाँजेको देशको अर्थतन्त्र र मानवीय जीवनलाई तारणहारको रूपमा सहजीकरण गर्न मद्दत गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

**परिवर्तनका संवाहक भाइबहिनीहरू,**

मुलुकमा दिगो शान्ति र राजनीतिक स्थायित्व कायम नभएसम्म विकासले गति लिन सक्दैन । विकासका लागि राज्यले हरेक संयन्त्रलाई जनमुखी बनाई जनचाहना अनुसार सेवा प्रवाह गर्नुपर्छ । त्यसैले अबको प्रतिस्पर्धा भनेको दिगो विकास र सुशासनको नै हो । विकास दौडेर आउँदैन, सुशासन नारा लगाएर आउँदैन । विश्वविद्यालयले विकासका पूर्वाधारहरूलाई जनता बीच पुऱ्याउन आफ्ना सिर्जनशील र उच्च दक्ष जनशक्ति परिचालन गर्ने वातावरण सिर्जना गरी मुलुकको सुशासन, शान्ति र विकासमा समेत महत्वपूर्ण टेवा दिँदै आएको छ । साथै देशमा उपलब्ध साधन र स्रोतको समूचित प्रयोग गरी शिक्षा, स्वास्थ्य, यातायत र तिनका पूर्वाधार विकास, जलस्रोतको अधिकतम प्रयोग गरी यथेष्ट विद्युत उत्पादन तथा आपूर्ति, कृषिमा आधुनिकीकरण गर्ने तर्फ विश्वविद्यालय कटिबद्ध छ । विश्वविद्यालयले लिने जनमुखी नीति तथा कार्यक्रमले वृत्ति विकास र रोजगारीका लागि विदेशीने तपाईहरूजस्ता परिवर्तन र विकासका संवाहक लाखौं देशका कर्णधारलाई स्वदेशमै बसेर राष्ट्रका लागि योगदान गर्ने वातावरण सिर्जना हुनेमा म विश्वस्त छु ।

पोखरा नेपालको मात्र नभई संसारकै एक सुन्दर पर्यटकीय नगरी भएकोले यस क्षेत्रको प्राकृतिक सम्पदा, मौलिकता तथा पहिचान झल्कने गरी शिक्षा, स्वास्थ्य, पर्यटन र उद्योगका विविध पक्षलाई समेटी पोखरा विश्वविद्यालयले आफ्ना नीति तथा कार्यक्रमहरूलाई विस्तार गर्दै लगेको छ । विश्वविद्यालयले आफ्नो नीति अनुसार दुर्गम तथा उच्चशिक्षा विमुख क्षेत्रहरू आंगिक कलेज विस्तार गर्ने नीतिलाई प्रभावकारी कार्यान्वयन गर्नेछ । शिक्षामा सबैको लागि पहुँच, गुणस्तर र समानता कायम राख्न पनि विश्वविद्यालयले छात्रवृत्तिलाई अझ बढी समयानुकूल परिवर्तन गर्दै जानेछ । परीक्षा प्रणाली र विद्यार्थीको मूल्यांकन विधिलाई भरपर्दो र विश्वसनीय बनाउन युग सापेक्ष शैक्षिक एवम् व्यवस्थापकीय सुधारमा विश्वविद्यालयले विशेष ध्यान दिनेछ । विश्वविद्यालयमा सञ्चालित नर्सिङ्ग, चिकित्सा विज्ञानसँग सम्बन्धित प्यारामेडिकल कोर्षहरूको दिगोपन र प्रभावकारी सञ्चालनका लागि विश्वविद्यालयले छिट्टै केही महिनाभित्र पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको सञ्चालनसम्बन्धी कार्य अगाडि बढाइरहेको जानकारी यस सभामा गराउन पाउँदा गौरवान्वित भएको छु ।

विश्वविद्यालयले आवश्यक शैक्षिक एवम् भौतिक पूर्वाधारको निर्माणलाई विस्तृत गर्दै नयाँ बजारमुखी कार्यक्रमको थालनी गर्दै जानेछ । विश्वविद्यालयले आफ्ना महाविद्यालयहरूको सुपरिवेक्षण, व्यवस्थापनमा विशेष ध्यान दिँदै आर्थिक एवम् शैक्षिक रूपान्तरणका लागि सिर्जनात्मक, नवप्रवतनशील र युग सुहाउँदो वैज्ञानिक एवम् प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने यस अवसरमा जानकारी गराउँछु । यसका साथै पोखरालाई उच्च शिक्षाको केन्द्र बिन्दुको रूपमा विकास गर्ने यहाँका जनताको चाहना, प्रयत्न, मिहिनेतलाई विश्वविद्यालयले आत्मसात गर्दै अगाडि बढ्नेमा म विश्वस्त गराउन चाहन्छु ।

**ज्ञान र सीपले निपूर्ण भाइबहिनीहरू,**

तपाईहरू जस्ता जोश, जाँगर र सीपले निपुण दक्ष युवाहरू विकसित र समुन्नत राष्ट्र निर्माण गर्ने कार्यमा मजबूत आधार र बलियो खम्बा हो भन्ने मैले बुझेको छु । त्यसैले तपाईहरू नै यो देशको कर्णधार हो, भविश्य हो, चेतनाको दियो हो । भोलि देशलाई कस्तो बनाउने, कुन दिशामा लैजाने हो तपाईरूमा नै निर्भर गर्दछ । तपाईहरूको अहोरात्रको कठिन मेहनत परिश्रमका साथ आर्जित ज्ञान, सीप र अभ्यास नै देशको आर्थिक र सामाजिक रूपान्तरणको साँचो हो । यसर्थ मुलुकमा भएको साधन स्रोतको सही प्रयोग गरी मुलुकलाई समृद्ध बनाउने ठूलो जिम्मेवारी तपाईहरूको काँधमा छ । मुलुकलाई परनिर्भरताबाट आत्मनिर्भरतर्फ उन्मुख गर्ने कार्य तपाईहरूको कर्म बीना सम्भव छैन । यसर्थ तपाईहरूको नवितम सिर्जना र खोजले मुलुकले अपेक्षित लक्ष हासिल गर्ने कुरामा दुईमत छैन । तपाईहरूको प्रतिभा र सिर्जनालाई मुलुकका लागि उपयोग गर्न सक्ने वातावरण निर्माणमा विश्वविद्यालय प्रतिबद्ध छ । आज दीक्षित हुँदै गरिएको प्रतिज्ञालाई मनन् गर्दै विद्यार्थी भाइबहिनीहरूले आफूले आर्जन गरेको ज्ञान र सीप उत्पादनशील कार्यमा खर्चनु हुनेछ भन्ने विश्वास लिएको छु । आफ्नो दक्षतालाई तपाईहरूले देशको गौरव र प्रतिष्ठा अभिवृद्धि गर्ने प्रतिबद्धतासहित दत्तचित्त, कर्मठ र कर्तव्यपथमा अडिग र निर्भिक भएर सही सदुपयोग गर्नुहुनेछ भन्ने कुरामा आशावादी छु । यस अवसरमा तपाईंहरूलाई जीवनको लक्ष्य प्राप्तिमा सफलता मिलोस् भन्दै उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना समेत दिन चाहन्छु ।

अन्त्यमा, आज दीक्षित हुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरू र अभिभावकहरूलाई आजको यो पावन र गरिमामय सत्रौं दीक्षान्त समारोहको अवसरमा पुन: हार्दिक बधाई दिँदै यहाँ उपस्थित विशिष्ट अतिथि एवम् अतिथिहरूमा धन्यवाद सहित यो सत्रौं दीक्षान्त समारोह यहीं समापन भएको घोषणा गर्दछु ।
धन्यवाद् !

उपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालय
मिति: २०७८ फागुन ८ गते आइतबार